# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date:30.03.2024**

## Gyalshing- Expenditure Observer

व्यय पर्यवेक्षक श्रीमती अमुलदीप कौरले आज सम्पर्क अधिकारीका साथमा क्योङ्सा, गेजिङमा विभिन्न निर्वाचन क्षेत्रका सहायक व्यय पर्यवेक्षकहरू र लेखा टोलीहरूसँग महत्त्वपूर्ण बैठक गर्नुभयो। बैठकको मुख्य उद्देश्य निर्वाचन खर्च व्यवस्थापनको वर्तमान अवस्थाबारे मूल्याङ्कन गर्नु र नियमन मापदण्डहरू पालनाको सुनिश्चित गर्न सहायक व्यय पर्यवेक्षकहरूलाई आवश्यक मार्गदर्शन प्रदान गर्नु रहेको थियो। बैठकमा, श्रीमती कौरले सहायक पर्यवेक्षकहरू र लेखा टोलीहरूसँग विस्तृत छलफल गर्दै, निर्वाचन प्रक्रियामा पारदर्शिता र निष्ठा कायम राख्नुपर्ने उनीहरूको भूमिकाको महत्त्वलाई जोड दिनुभयो। उहाँले खर्चको प्रभावकारी अनुगमनलाई सहज बनाउन सावधानीपूर्वक रेकर्ड राख्नु र तुरुन्तै रिपोर्ट गर्नु महत्त्वपूर्ण रहेको बताउनुभयो। बैठकमा खर्चको उचित कागजपत्र, कानुनी मापदण्डको पालना र वित्तीय प्रतिवेदन समयमै पेस गर्ने लगायत धेरै सान्दर्भिक विषयहरूबारे छलफल गरियो।

## CM- coordination meeting

आज मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले मार्तम-रुम्तेक निर्वाचन क्षेत्र अन्तर्गत आदमपुलमा तुमिन-लिङ्गी निर्वाचन क्षेत्र स्तरीय कार्यकर्ताहरूको समन्वय बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा युवा नेता श्री फुर्वा रिङ्जिङ शेर्पालाई तुमीन-लिङ्गी क्षेत्रको निर्वाचन प्रचार प्रबन्ध समितिको अध्यक्ष नियुक्त गरिएको छ। यसबाहेक, उहाँको समर्पणलाई ध्यानमा राख्दै, मुख्यमन्त्रीले उहाँलाई गान्तोक जिल्ला, महासचिवको जिम्मेवारी पनि सुम्पनुभयो। बैठकमा लोकसभा सांसद श्री इन्द्रहाङ सुब्बा पनि उपस्थिति हुनुहुन्थ्यो। बैठकको क्रममा मुख्यमन्त्रीले भन्नुभयो, बैठकमा उपस्थित सबैले हाम्रो पार्टीभित्रको सामुहिक दृढता र एकतालाई जोड दिएको छ किनकि हामी हाम्रो प्यारो निर्वाचन क्षेत्र अनि बाहिरका विकास र साझा लक्ष्यतर्फ अघि बढिरहेका छौं।

## Namchi-Withdrawal

अहिलेसम्म प्राप्त जानकारीअनुसार आज नामांकन फिर्तीको अन्तिम दिन नामांकन फिर्ता गर्ने उम्मेदवाहरू यस प्रकार छन्:

1. रूप नारायण चामलिङ, विधानसभा सिटका लागि, राङगाङ-याङयाङ निर्वाचन क्षेत्रबाट
2. साङ्सो लेप्चा, विधानसभा सिटका लागि, याक्सोम-टाशिदिङ निर्वाचन क्षेत्रबाट
3. सोनाम पिन्सो भोटिया, संघ सिटका लागि, स्वतन्त्र उम्मेद्वार

## Namchi-General Observer Visit

नाम्ची जिल्लाका महा पर्यवेक्षक श्री अमरनाथ उपाध्यायले आज तेमी-नाम्फाङ निर्वाचन क्षेत्र अन्तर्गत दुई मतदान केन्द्रको निरीक्षण गर्नुभयो। यस सिलसिलामा उहाँले आगामी निर्वाचन व्यवस्थाको समीक्षा गर्न तेमी सिनियर सेकेण्डरी स्कूल र तार्कु माध्यमिक विद्यालयको भ्रमण गर्नुभयो। उहाँले नाम्ची जिल्ला अन्तर्गत निर्वाचन क्षेत्रका दुर्गम क्षेत्रमा जोरदार जनचेतना फैलाउन आधारभूत र आवश्यक सुविधा उपलब्ध भए-नभएको समीक्षा गर्नुभयो। साथै उहाँले स्थानीयवासीसँग अन्तरक्रिया गर्दै, आगामी निर्वाचनसँग सम्बन्धित विभिन्न समस्याबारे जानकारी लिनुभयो अनि निर्वाचन प्रक्रियालाई झन्झटमुक्त पूर्ण पारदर्शी रूपमा सम्पन्न गर्न नोडल अधिकारीहररूसँग उचित समन्वय गर्न आग्रह गर्नुभयो। उहाँले आ-आफ्नो स्थानमा खटिएका क्षेत्रीय कर्मचारीहरूलाई निर्वाचनसँग सम्बन्धित असामान्य घटनाहरू हुन नदिन थप सजग रहन पनि आग्रह गर्नुभयो।

## General Observer for Gyalshing

त्यसै गरी, गेजिङ जिल्लाका महा पर्यवेक्षक श्री पंकज यादवले लगातार दोस्रो दिन जिल्ला अन्तर्गतका मतदान केन्द्रहरूको भ्रमणलाई जारी राख्नुभयो। श्री यादवले जिल्लाका तोकिएका मतदान केन्द्रहरूको दोस्रो दिनको भ्रमण सरकारी माध्यमिक विद्यालय मुकरूङबाट सुरू गरेर सरकारी माध्यमिक विद्यालय बेघा हुँदै मानेबुङ देन्तम सेक्टर अन्तर्गतको सरकारी जुनियर हाईस्कुल देन्ताम तारमा समापन गर्नुभयो।

## District Administrative Centre

नाम्ची जिल्ला प्रशासनिक केन्द्रले आज नाम्चीमा SVEEP गतिविधि अन्तर्गत 'नैतिक निर्वाचनका लागि नाम्ची' भन्ने विषयमा अन्तर-कलेज बहस प्रतियोगिता आयोजना गऱ्यो। पहिलो चरणको बहस 6 टोलीबीच सम्पन्न भएको थियो। प्रतिस्पर्धात्मक बहसपछि, SIST चिसोपानी विजेता टोली घोषत भयो। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टोलीलाई क्रमशः रु पाँच हजार, तीन हजार र दुई हजार नगद पुरस्कार प्रदान गरियो।

## Governor-Rajshthan Diwas

आज राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले राजस्थान दिवसको अवसरमा सबैलाई हार्दिक शुभकामना दिनुभयो। उहाँले सन्देशमा भन्नुभएको छ, जीवन्त संस्कृति, समृद्ध इतिहास र वीरताका प्रतीक राजस्थानका जनताको निरन्तर खुसियाली एवं सुख-समृद्धिको कामना गर्दछु। आज यो दिवस गान्तोक राजभवनमा भव्य रूपमा मनाइयो। यस अवसरमा राजस्थानका राज्यपाल श्री कलराज मिश्रको भिडियो सन्देश प्रसारित गरियो, जसमा राजस्थानको गौरवशाली इतिहास, समृद्ध संस्कृति, सौर्यगाथा र पर्यटनलाई प्रकाश पारिएको थियो।